माध्यमिक तह कक्षा १० उत्तीर्ण (SEE) परीक्षाका विद्यार्थीहरुका लागि कोचिङ कक्षा सञ्चालन खर्च मापदण्ड, २०७६

कार्यापालिकाबाट पारित मितिः २०७६।०६।०६

लेटाङ नगरपालिकाको क्षेत्र भित्र सञ्चालनमा रहेको सामुदायिक माध्यमिक विद्यालयहरुबाट एसइइ SEE परीक्षामा सहभागि हुने विद्यार्थीहरुको सिकाइ स्तरमा थप बढोत्तरी ल्याउन नियमित पठनपाठनका अतिरिक्त कोचिङ कक्षा सञ्चालन गर्न नगर पालिकाबाट भएको नीतिगत व्यावस्था कार्यान्वयन गर्न र उत्त कार्यको प्रभावकारीता, पारदर्शिता, मितव्ययीता र जवाफदेहिता कायम गर्न आवश्यक भएकोले स्थानीय सरकाकर सञ्चालन ऐन,२०७४ को दफा १०२ (२) बमोजिम यो खर्च मापदण्ड तयार गरी कार्यान्वयनमा ल्याइएको छ ।

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यस मापदण्डको नाम "माध्यमिक तह कक्षा १० उत्तीर्ण (SEE) परीक्षाका विद्यार्थीहरुका लागि कोचिङ कक्षा सञ्चालन खर्च मापदण्ड, २०७६" रहेको छ ।

(२) यो मापदण्ड लेटाङ नगरपालिका भरी लागु हुने छ ।

२. **परिभाषाः** विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस मापदण्डमाः

(क) ऐन भन्नाले स्थानीय सरकार सञ्चालन ऐन, २०७४ सम्झनु पर्दछ ।

(ख) कोचिङ कक्षा भन्नाले दफा ३ बमोजिम विद्यालयमा सञ्चालन हुने कक्षा सम्झनु पर्दछ ।

(ग) अनुदान भन्नाले दफा ६ बमोजिम स्थानीय तहले विद्यालयलाई प्रदान गरेको अनुदान सम्झनु पर्दछ ।

(घ) स्थानीय तह भन्नाले लेटाङ नगरपालिका सम्झनु पर्दछ ।

(ङ) प्रधानाध्यापक भन्नाले कोचिङ कक्षा सञ्चालन गर्ने विद्यालयको प्रधानाध्यापक सम्झनु पर्दछ ।

(च) व्यवस्थापन खर्च भन्नाले विभिन्न समयमा हुने परीक्षा सञ्चालन, अभिलेख, अनुगमन तथा समन्वय, सञ्चार र मसलन्द जस्ता कार्यमा हुने खर्च सम्झनु पर्दछ ।

(छ) विद्यालय व्यवस्थापन समिति भन्नाले सम्वन्धित विद्यालय व्यवस्थापन समिति सम्झनु पर्दछ ।

शंकर राई
प्रमुख

प्रमुख प्रशासकीय अधिकृत

प्रमुख

३. **कोचिङ कक्षाः** (१) विद्यालयको नियमित पठनले मात्र पठनपाठनमा पर्याप्त अभ्यास नपुगेको करण कमजोर सिकाइ उपलव्धी भएका अंग्रेजी, विज्ञान र गणित विषयको कक्षा सञ्चालन गरिने छ ।

(२) अतिरिक्त कक्षा विहान, साँझ र सार्वजनिक विदाको दिनमा सञ्चालन हुनेछ ।

(३) सम्भव भए सम्म विद्यालयमा अध्यापनरत अलग अलग विषय शिक्षकबाट पठन पाठनको व्यवस्था गर्नुपर्ने छ ।

तर अलग अलग विषय शिक्षक अभाव भएका विद्यालयमा बढीमा २ विषय सम्म एउटै शिक्षकबाट पठनपाठन गराउने प्रवन्ध गर्न बाधा पर्ने छैन ।

(४) यस प्रकारको कक्षा माघ मसान्त भित्र सम्पन्न हुने गरी सञ्चालन हुनेछ ।

४. **कोचिङ कक्षा सञ्चालनको तयारी गर्नुपर्नेः** (१) कक्षा १० अध्ययन गर्ने सबै विद्यार्थीहरुको अनिवार्य सहभागीताको व्यवस्था गर्न कक्षा सञ्चालनको विषयमा विद्यार्थीहरुसंग छलफल गरी निर्णय गर्नुपर्ने छ ।

(२) कक्षा सञ्चालन गर्ने आवश्यक विषय शिक्षकहरुको सुनिश्चितताका लागि विषय शिक्षक सहितको बैठकबाट कक्षा सञ्चालन समय एकीन गर्नुपर्ने छ।

(३) कोचिङ कक्षामा विद्यार्थी संग दफा ३ (१) मा उल्लेखित विषयका लागि अतिरिक्त शुल्क लिन पाइने छैन ।

तर विद्यालयले विद्यार्थीको माग एवं आवश्यक्ता हेरी आफ्नै स्रोतमा अन्य विषयको कक्षा सञ्चालन गर्न बाधा पुग्ने छैन ।

(४) कोचिङ कक्षा सञ्चालन समय एकीन गर्दा विद्यार्थीहरुको समयको उपलव्धतालाई मुख्य प्राथमिकतामा राख्नु पर्ने छ ।

(५) कोचिङ कक्षा अंग्रेजी, विज्ञान, गणित विषयको कक्षा अनिवार्य सञ्चालन गर्नुपर्ने छ ।

५. **कोचिङ कक्षा सञ्चालन सम्वन्धी व्यवस्थाः** (१) विद्यालयको दैनिक कार्यतालिकालाई प्रभाव नपर्ने गरी विहान १० बजे अगाडी र साँझ ४ बजे पछाडी साथै सार्वजनिक विदाको दिनमा कक्षा सञ्चालनको व्यवस्था गर्नु पर्ने छ ।

(२) धेरै विद्यार्थी भएको अवस्थामा कक्षा सञ्चालन गर्दा सम्भव भए सम्म २ दुइ सेक्सन गरी कक्षा सञ्चालन गर्ने व्यवस्था गर्नुपर्ने छ ।

(३) कक्षा सञ्चालन मिति तय भए पछि सुरुमा पूर्व परीक्षा लिने व्यवस्था गर्नुपर्ने छ ।

नि. प्रमुख प्रशासकीय अधिकृत

शंकर राई
प्रमुख

शंकर राई
प्रमुख

(४) कक्षा सुरु भए पछि हरेक ३० दिनको कक्षा समाप्त भएपछि अनिवार्य रुपमा मोडेल अनुसार परीक्षा लिई आवश्यक पृष्ठपोषण सहित उत्तरपुस्तिका विद्यार्थीलाई दिने व्यवस्था गर्नुपर्ने छ ।

(५) पृष्ठपोषण प्रदान गर्दा विद्यार्थीको मनोबल उच्च बनाउन मद्दत पुग्ने गरी सकारात्मक रुपमा गर्नुपर्ने छ ।

६. **अनुदानको व्यवस्थाः** (१) स्थानीय तहले नगरपालिका भित्र सञ्चालित विद्यालय अनुसार बार्षिक बजेट तथा कार्यक्रममा व्यवस्था गरी अनुदानको व्यवस्था गर्न सक्ने छ ।

(२) अनुदान कार्यान्वयनको प्रभावकारिताका लागि अनुगमन समिति, शिक्षा युवा तथा खेलकुद शाखाबाट नियमित अनुगमनको व्यवस्था गरिनेछ ।

७. **खर्च व्यवस्थापनः** (१) कक्षा सञ्चालन गर्ने विषय शिक्षकका लागि अधिकतम प्रति दिन प्रति कक्षा रु १५० सम्म अधिकतम २ कक्षाको हुने खाजा तथा खाना खर्चको व्यवस्था गरी भुक्तानी दिनु पर्ने छ ।

(२) कूल अनुदानको १० प्रतिशत सम्म मात्र व्यवस्थापन खर्च गर्न सकिने छ ।

(३) व्यवस्थापन खर्च अन्तर्गत विद्यालय व्यवस्थापन समिति तथा प्रधानाध्यापक बाट हुने अनुगमन, समन्वय, सञ्चार, परीक्षा सञ्चालन, अभिलेखीकरण, सहयोगी र मसलन्द व्यवस्थापकीय कार्यहरु गर्नुपर्ने छ ।

८. **अभिलेख राख्नुपर्नेः** (१) कक्षा सञ्चालन सम्वन्धी अभिलेख विद्यालयले राख्नु पर्ने छ ।

(२) अनुदान सम्वन्धी कार्य सम्पन्न भए पश्चात कार्य सम्पन्न भएको निर्णय सहित नगरपालिकामा प्रतिवेदन पेश गर्ने दायित्व सम्वन्धित विद्यालयको हुने छ ।

९. **विविधः** (१) विद्यालयले अन्य कक्षाको कोचिङ कक्षा व्यवस्थापनमा समेत यसै मापदण्ड लाई आधार मानेर व्यवस्थापन गर्न सक्ने छ ।

१०. **खारेजी तथा बचाउः** १) प्रचलित आर्थिक कार्यविधि सम्मवन्धि ऐन, नियमको कुनै दफा वा प्रवन्ध संग यस मापदण्डको कुनै दफा बाझिएमा सो दफा स्वत निस्कृय भएको मनिने छ ।

नि. प्रमुख प्रशासकीय अधिकृत

शंकर राई
प्रमुख

## अनुसूचीः १ कोचिङ कक्षामा सहभागि विद्यार्थीको हाजिरी फारम

(यसमा अनिवार्य विद्यार्थीको दस्तखत गराउनुपर्ने छ)

विद्यालयको नामः                    कक्षा १०        वर्ष २०७...साल ..... महिनाको हाजिरी

शंकर राई
प्रमुख

विषयः                    शिक्षकको नामः

कक्षा सञ्चालन समयः विहान/वेलुका...... बजे देखि ...... बजे सम्म

| सिनं | विद्यार्थीको नाम | ... गते | ... गते | ... गते | ... गते | ... गते | ... गते | ... गते |
|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| कक्षा लिने शिक्षकको दस्तखत | | | | | | | | |

प्रमाणित गर्ने प्रधानाध्यापकको दस्तखतः

नि. प्रमुख प्रशासकीय अधिकृत

शंकर राई
प्रमुख

शंकर राई
प्रमुख

## अनुसूचीः २ विद्यार्थी मूल्याङ्कनको अभिलेख फारम

( यो अभिलेख विद्यार्थी मूल्याङ्कनका आधारमा विद्यार्थीले प्राप्त गरेको अङ्क प्रतिशत राखी तयार गर्नु पर्ने छ)

विद्यालयको नामः

विषयः                विषय शिक्षकको नामः

| क्रस | विद्यार्थीको नाम | पूर्व परीक्षाको प्रतिशत ( मितिः ) | पहिलो परीक्षाको प्रतिशत ( मितिः ) | दोस्रो परीक्षाको प्रतिशत ( मितिः ) | अन्तिम परीक्षाको प्रतिशत (मितिः ) |
|---|---|---|---|---|---|
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| तयार गर्ने विषय शिक्षक | | | | | |
| प्रमाणित गर्ने प्रधानाध्यापक | | | | | |

नि. प्रमुख प्रशासकीय अधिकृत

शंकर राई
प्रमुख

शंकर राई
प्रमुख

**अनुसूचीः ३ पारिश्रमीक वुझाएको भरपाई**

| क्र स | शिक्षक कर्मचारीको नाम | पद | काम | विषय | जम्मा दिन | दर रु | जम्मा रकम रु | कर कट्टी रु | खुद पाउने रकम रु | बझीलिनेको दस्तखत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | शिक्षण | | | | | | | |
| | | | शिक्षण | | | | | | | |
| | | | शिक्षण | | | | | | | |
| | | | व्यवस्थापन | | | | | | | |
| | | | व्यवस्थापन | | | | | | | |

नि. प्रमुख प्रशासकीय अधिकृत

शंकर राई
प्रमुख

## अनुसूचीः ४ प्रतिवेदन

कोचिङ कक्षा सञ्चालन सम्पन्न प्रतिवेदन

१. विद्यालयको नामः

२. कक्षा सञ्चालन भएको विषयहरुः

३. कक्षा सञ्चालन समयः मिति ............ देखि .......... सम्म विषयगतरुपमा १)

२)

३)

४. कक्षा सञ्चालन गर्ने शिक्षकहरुः

| क्र.स. | नाम थर | विषय | योग्यता | कैफियत |
|---|---|---|---|---|
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |

५. अनुगमन मिति र पदाधिकारीः

६. विद्यार्थी संख्याः छात्रा छात्र जम्मा

७. परीक्षा नतिजामा देखिएको सुधार अनुसूची २ को आधारमा वुदागत रुपमा

८. जम्मा खर्चः

९. कार्यक्रमको सकारात्मक पक्षहरुः

१०. सुझावहरुः

११. प्रतिवेदन साथ संलग्न कागजातहरुः

अनुसूची १ देखि ३ सम्मका सबै प्रमाणित प्रति, विद्यालयको निर्णय प्रतिहरु र अन्य

प्रधानाध्यापक